# संबिधान संशोधन जरुरी छः डा.भट्टराई

दिपु पोखरेल
काठमाडौं, १४ फागुन।



पूर्ब प्रधानमन्त्री एवं समाजवादी पार्टी नेपालका अध्यक्ष डा. बाबुराम भट्टराईले जनताबाट निर्वाचित कार्यकारी बनाउन संबिधान संशोधन गर्नुपर्ने बताएका छन्।

प्रतिनिधिसभाको बुधबार नयाँबानेश्वर स्थित संसद भवनमा बसेको बैठकको बिशेष समय लिएर बोल्दै भट्टराईले संविधान संशोधन कसैलाई प्रधानमन्त्री बनाउनमात्र नभई जनताबाट निर्वाचित कार्यकारी बनाउनका लागि गर्नुपर्नेमा जोड दिएका हुन्।

उनले,आफ्नो नेतृत्वको सरकारले मातातीर्थ सतुंगल, इचंगु लगायतका क्षेत्रमामोहीलाई जग्गा जानिबुझिकनै दिने निर्णय गरेको बताउँदै विभिन्न समयमा आएका रायहरूको आधारमा सबै प्रकृया पूरा गरेर मात्रआफूले निर्णय गरेको बताए। नेपाल ट्रस्टको जग्गाकुनै व्यक्तिविशेषलाई बाँडिएको भन्ने आरोप जुन लगाइएको र त्यसमाकुनै सत्यतानभएको डा भट्टराईले दाबी गरे।

नेपाल ट्रस्टले मंगलबार काठमाडौंमा पत्रकार सम्मेलनको आयोजना गरेर सार्बजनिक गरेको श्वेतपत्रमा ट्रस्टको थानकोट, मातातीर्थ, सतुंगल र बालाजुको १७३ रोपनी जग्गा व्यक्तिका नाममा ल्याउने निर्णयमा तत्कालीन प्रधानमन्त्री बाबुराम भट्टराई संलग्न देखिएकोउल्लेख छाडा भट्टराईले, वर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीलगायत सम्पूर्ण पूर्व प्रधानमन्त्रीहरूको सम्पत्ति छानबिन गर्नुपर्नेमा जोड समेत दिएका छन्। 'गाउँमा सानो झुपडी भएकाले कसरी काठमाडौंमा महल बनाए जुन देखिएको दृश्यको कमाइले काठमाडौंमा महल बनाउनपुग्दैन यसको स्रोत के हो छानबिन गरौ' उनले भने।

त्यस्तै, प्रतिनिधिसभाका सांसदहरूले भ्रष्टाचारमा संलग्न हुने जोसुकैलाई पनि कडा कारबाही हुनुपर्ने र प्रधानमन्त्रीले संसदमा जवाफदिनु पर्नेमाग गरेका छन्। प्रतिनिधिसभाको बैठकको शून्य समयमाबोल्दै प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसकी सांसद रंगमती शाहीले हुम्लामा जाडोमा सिटामोल नपाएर १४ जनाले ज्यान गुमाउनु परेको र सुत्केरी हुननसकेर महिलाहरू छट्पटाई छट्पटाइ मर्नु परेको अवस्था रहेको मेरो देशमा बर्थडे केक बोक्न हेलिकप्टर चार्टर गरेर पैसा खर्च गर्न प्रधानमन्त्रीलाई अलिकति पनि अप्ठ्यारो लागेन भनेर प्रश्नगरिन ?

उनले लामो समयदेखि नेपाल वायु सेवाको उडान बन्दहुँदा कर्णालीबासी समस्यामा परेको भन्दै उडान सुचारू गराउन सरकारको ध्यानाकर्षण गराइन्।

सांसद रामबहादुर विष्टले पूर्वसञ्चार मन्त्री गोकुल बाँस्कोटा र बिजय मिश्रबीच सेक्युरिटी प्रिन्टिङ प्रेस खरिदमा ७० करोडको भ्रष्टाचार सम्बन्धी अडिओ टेप सार्वजनिक भएको लामोसमय बितिसक्दा पनि सरकारले संसदलाई सत्य/तथ्य जानकारी गराउनु पर्ने माग गरे। सांसद महेश्वरजंगगहतराजले बाँकेको नरेन्द्रपुर गाउँपालिका र राप्ती सोनारीको विद्युतिकरणको लागि ग्रामीण विद्युतिकरणको ठेक्कापाएको श्री उस्मा गौरी पार्वती जेभिले ४६ लाख मोबिलाइजेसन रकम लिएर पनिकाम शुरू नगरेको भन्दै उक्तकम्पनीलाई कारबाहीगर्न सरकारको ध्यानाकर्षण गराए। सांसद रेखाकुमारीले निवर्तमान सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुलप्रसाद बाँस्कोटाको अडियो प्रकारण छानबिन गर्न र संसदमा जवाफ दिनु पर्ने माग गरिन्। सांसद भवानीप्रसाद खापुङले पनि भ्रष्टाचारमा संलग्न हुनेलाई कडा कारवाही गर्न जोड दिए।

# स्वर्गीय पत्रकार देव पाटा स्मृतिमा रक्तदान



बुटवल, १४ फागुन- फोनिज रूपन्देहीका संस्थापक अध्यक्ष पत्रकार स्व. देव बहादुर पाटाको ११ औं स्मृतिमाको अवसरमा नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) रूपन्देहीले रक्तदान गरेको छ। बुधबार बुटवल रक्तसञ्चार केन्द्रमा आयोजना गरिएको रक्तदान कार्यक्रममा ५५ युनिट रगत संकलन गरिएको छ।

कार्यक्रममा बोल्दै प्रदेश ५ सभा सदस्य तुलाराम घर्तीमगर (बसन्त) ले रक्तदान गर्नु भनेको कसैको जीवन बचाउनु भएकाले रक्तदान गर्ने कार्यमा सबैलाई प्रेरित गर्नुपर्ने बताए। उनले प्रसंगमा उहाँले पत्रकार जगतले समाजलाई अगाडि बढाउने मियोको भूमिका खेल्नु पर्ने बताए। सो अवसरमा बोल्दै नेपाल पत्रकार महासंघ रूपन्देही शाखाका उपाध्यक्ष दिनेश पाण्डेले व्यवसायिक पत्रकारिताका संगसंगै सामाजिक उत्तरदायित्व निर्वाहका लागि पनि पत्रकारहरू अग्रसर हुनु राम्रो कार्य भएको विचार व्यक्त गरे। कार्यक्रममा पाटाका सहकर्मी पत्रकार एवं समाजसेवी अशोक पुनले पत्रकार स्व. देव बहादुर पाटाको साहसीपूर्ण व्यवसायिक पत्रकारिताको चर्चा गरे। नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) रूपन्देहीका अध्यक्ष सनु थापा, आदिवासी जनजाति पत्रकार महासंघ केन्द्रिय लेखा समिति सदस्य सुन्दर तरामु, प्रदेश ५ का अध्यक्ष मिलन गाहा, नेफिन रूपन्देही सचिव चित्रलाल तुलाचन, नेपाल आदिवासी जनजाति महासंघ बुटवल उपमहानगर अध्यक्ष अरूण कुमार श्रेष्ठ, फोनिज रूपन्देही जिल्ला उपाध्यक्ष दीपु मगर लगायतले रक्तदान दानको विषयमा चर्चा गरेका थिए। कार्यक्रममा पत्रकार स्व. देव बहादुर पाटा पत्रकारिता अक्षयकोषका लागि समावसेवी नरजङ्ग गुरुङ्गले ५ हजार रूपैयाँ सहयोग गरेका छन्। राज्यसत्ता साप्ताहिकका सम्पादक रहेका पत्रकार स्व. देव बहादुर पाटाको वि.स. २०६५ साल फागुन १४ गते मोटरसाइकल दुर्घटनामा परी निधन भएको थियो।

# खाद्य सुरक्षा अनुगमन प्रणाली विषयमा अन्तरक्रिया कार्यक्रम

बुटवल, १४ फागुन- कृषि तथा पशुपंक्षि विकास मन्त्रालय संघीय सरकार, विश्व खाद्य कार्यक्रम, भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश ५ को आयोजनामा संघीय संरचनामा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली, अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै प्रदेश ५ का भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्री आरती पौडेलले खाने वानीमा सुधार ल्याउपर्ने जरुरी रहेको बताएकी छिन्। उनले बिहान साझ भात नै खाने वानी अव अन्य गर्नुपर्ने भन्दै खाद्यान्नको विकल्पका अन्य खाद्यान्नका अन्य परिकारहरू खानुपर्ने बताएकी हुन।

कार्यक्रममा बोल्दै मन्त्री पौडेलले प्रदेश ५ पालिकाहरूमा खाद्य सुरक्षा गर्नको लागि प्रदेश सरकार तयार रहेको बताएकी छन्। यसको लागि प्रदेश ५ सरकार एक्लै संभव नभएको भन्दै संघीय सरकार मार्फत सबै पालिकाहरूमा खाद्य सुरक्षाको लागि आफुले पहल गर्ने बाएकी छिन्। उनले भनिन्-'खाद्य सुरक्षाको लागि उपभोक्ताहरूले खाने वानीमा सुधार ल्याउन जरुरी रहेको छ।'




अहिले पनि नेपालीहरूको बानी विहान साझ खाना नै खानुपर्ने त्यसमापनि भात नै खानुपर्ने बानीको विकास भएको भन्दै उनले यसको लागि खानाका अन्य परिकारहरूमा विविधिकरण गरी यसमा ध्यान दिनको लागि समेत आग्रह गरिन्।

खानाको लागि भात को अलवा गहुँ, रोटी,मकै, फापर लगायतका अन्य खाद्यान्नको रूपमा प्रयोग गरिने बस्तु सेवन गरेमा खाद्य सुरक्षामा सफल हुने मन्त्री पौडेलको भनाई रहेको छ। खासगरी उपभोक्ताको खाने आनी बानिमा परिर्वतन ल्याउँदा वित्तीकै उत्पादन भएको खाद्यान्नेले बर्षभरी नै पुग्ने उनको भनाई छ। खाद्य सुरक्षामा सबैले ध्यान दिन सकेमा यसले सबैको हित गर्ने भन्दै मन्त्री पौडेलले अन्य प्रदेश भन्दा प्रदेश ५ खाद्यान्न उत्पादनमा अगाडी रहेको समेत जानकारी दिईन। उत्पादन भएको खाद्यान्न र जनसंख्याको अनुपातलाई दिएर खाद्यान्नको सुरक्षाको अवस्था पत्ता लाईने भन्दै भन्दै मन्त्री पौडेलले सबैको साथ र सहयोग भएमा पक्कै पनि प्रदेश ५ पुर्णरूपमा आत्मनिर्भर हुने बताईन। कार्यक्रमका अध्यक्ष तथा भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश ५ का सचिव तेज बहादुर सुवेदीले खाद्य सुरक्षाको अवस्था भनेको प्रदेश सबै कुरामा सक्षम भएको अवस्था रहेको भन्दै यसमा सबैको साथ र सहयोगको आवश्यकता रहेको बताए। सबै कुरा गएर अन्तीममा खाद्य सुरक्षा नै मुख्य विषय हुने गरेको भन्दै यसमा प्रदेश सरकारले योजनाद्ध विकासको क्रममा यि विषयहरू समेटिएको जानकारी दिए।

कृषि तथा पशुपंक्षि विकास मन्त्रालय संघीय सरकार, विश्व खाद्य कार्यक्रम, भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश ५ को आयोजनामा भएको अन्तरक्रिया कार्यक्रममा प्रदेश ५ को खाद्य सुरक्षाको अवस्थाको विषयमा भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश ५ का खाद्य सुरक्षा तथा प्रर्वद्धन महाशाखा प्रमुख श्रीधर ज्ञवालीले कार्यपत्र प्रस्तुत गरेका थिए। नेपालमा खाद्य सुरक्षा अनुगमन प्रणालीको विकासक्रमको मुख्य क्रियाकलपाको विषयमा विश्व खाद्य कार्यक्रममा चन्द्र बहादुर थापा र संघीय कृषि मन्त्रालयका बाली विकास अधिकृत पदमा पोखरेलले कार्यपत्र प्रस्तुत गरेका थिए। यस्तै खाद्या अधिकार, खाद्य संम्प्रभुता, दिगो विकास लक्ष्य तथा कृषि विकास रणनीतिको सर्न्दभवमा राष्ट्रिय योजना आयोगक खड्क राज राईले प्रस्तुतीकरण गरेका थिए। यस्तै संघीय कृषि मन्त्रालयका राम कृष्ण रेग्मी, प्रदेश ५ उद्योग पर्यटन, वन तथा वातावरण मन्त्रालयका का सचिव डा. राधा वाग्ले, विश्व खाद्य कार्यक्रमका पुष्प श्रेष्ठ लगायतले आ आफ्नो भनाई राखेका थिए।

# स्वीचअनको शुभारम्भ

तिलोत्तमा, १४ फागुन-घरयासी इलेक्ट्रोनिक्स सामान उत्पादन गर्दै आएको स्वीच अन कम्पनीले रूपन्देहीको तिलोत्तमा-५ मणिग्राममा शोरुम सञ्चालनमा ल्याएको छ।

ग्राहकलाई एउटै छानामुनी घरयासी इलेक्ट्रोनिक्स सुपथ मूल्यमा उपलब्ध गराउने लक्ष्य सहित गैरे इलेक्ट्रोनिक्स एण्ड सप्लायर्सको नामबाट शोरुम सञ्चालनमा ल्याइएको हो।

स्वीच अनले विश्वका उत्कृष्ट ब्राण्ड सामसुङ्ग, हिमस्टार, बजाज, अहुजा, टाइमेक्स, ग्यालेन्ज, प्रोलिङ्क, हन्टकी लगायत ब्राण्डका मोबाइल, टिभी, रेफ्रिजेरेटर, वासिङ मेसिन, एलईडी लाइट्स, घडीहरू तथा अन्य इलेक्ट्रोनिक्स सामानहरू बिक्री वितरण गर्दै आएको छ। प्रत्येक सामानमा एमआरपी र ट्याग उल्लेख गरिएकाले ग्राहकलाई सामान खरीद गर्न सहज हुने र कम्पनीले आफै सर्भिस प्रदान गर्ने गरेकाले उपभोक्तालाई सेवा लिन सहज हुने कम्पनीका पश्चिमाञ्चल प्रमुख टिएल घिमिरेले बताए।



मणिग्राम शोरुमको बुधबार एक कार्यक्रमका बीच तिलोत्तमा नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष चैतनारायण भण्डारीले उदघाटन गरे। त्यस अवसरमा उनले तिलोत्तमा नगरपालिका उद्योग र व्यापार व्यवसायको लागि संभावना बोकेको नगर भएको भन्दै व्यवसायीहरूलाई उचित भाडादर तय गरी व्यावसायिक वातावरण निर्माण गर्नेतर्फ घरधनीहरूले पनि भूमिका खेल्नुपर्ने बताए। उनले तिलोत्तमा नगरपालिकाले सञ्चालन गरेको शुन्य पोलिथिनको अवधारणालाई सहयोग पुग्ने गरी व्यवसाय सञ्चालन गर्न आग्रह गरे।

स्वीअन कम्पनीको अधिकृत बिक्रेता गौरीशंकर इलेक्ट्रोनिक्स एण्ड सप्लायर्सका प्रोप्राईटर चन्द्रकान्त गैरेले शुभारम्भको अवसरमा ग्राहकलाई एकसातासम्म विभिन्न इलेक्ट्रोनिक्स सामानमा १५ देखि २५ प्रतिशतसम्म छुट प्रदान गरिएको बताए।

काठमाडौंको नक्साल नारायणचौरस्थित मुख्य कार्यालय रहेको स्वीच अनको हाल सम्म देशभरका विभिन्न शहरहरूमा शोरुम संचालनमा आएका छन्।

यसले व्यवसाय प्रति रुची भएका नव उद्यमीहरूलाई अवसर प्रदान गर्नुका साथै आत्मनिर्भर बनाउन मद्दत गर्ने कम्पनीको दाबी छ। कम्पनीका अनुसार स्वीच अनमा आवद्ध भएर नव उद्यमीहरूले न्यून लगानीमा सुरक्षित व्यवसाय संचालन गर्न सक्छन्।

यसमा आवद्ध भएका नव उद्यमीलाई व्यवसाय संचालन गर्नु अगाडि स्वीच अनले उचित तालिम तथा प्रभावकारी बिक्री योजना, बजार व्यवस्थापन, अकाउन्ट सम्बन्धी जानकारी तथा मार्गदर्शन प्रदान गर्ने कम्पनीका पश्चिमाञ्चल प्रमुख घिमिरेले बताए।


## घर भाडामा

घर भाडामा बुटवल ११ देवसिद्धचोक होराईजन स्कुलको अगाडी बिष्णु पथमा रहेको तिन सटर र दुई कोठा ट्वाईलेट वाथरुम सहितको घर लामो समयको लागी होटल अफिस, फार्मेसी को लागी उपयुक्त रहेको हुदा घर भाडा लिन चाहानु हुनेले तु सम्पर्क गर्नु होला।

**सर्म्पक: ✆९८४७०७१९०३**

## लुम्बिनी साँस्कृतिक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### लुम्बिनी, रूपन्देही
### ५ नं. प्रदेश, नेपाल

**आ.व.२०७६/०७७ को ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल उत्खनन गरी विक्री गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७६/११/१५**

स्थानीय सरकार संचालन ऐन, २०७४ को (दफा ११ र ६४) ले दिएको अधिकार प्रयोग गरी यस लुम्बिनी सांस्कृतिक नगरपालिका कार्यपालिकाको निर्णयानुसार प्राकृतिक स्रोत कर असुली सम्बन्धी कार्य आ.व. २०७६/०७७ को लागि ठेक्काद्वारा गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका ईच्छुक फर्मरकम्पनीहरूले बोलपत्र खरिद गरी देहायको मिति र समय भित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ। अन्य थप जानकारीका लागि नगर कार्यपालिकाको सूचना पाटी, वेभसाईट lumbinisanskritikmun.gov.np तथा कार्यालय समय भित्र यस नगरकार्यपालिकाको कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ।

**ढुङ्गा, गिट्टी, वालुवा, ग्राभेल आदि प्राकृतिक श्रोतको उपयोगमा लिईने करको ठेक्का विवरण**

| आय ठेक्का नं. | नदी/ खोलाहरूको विवरण | नगरपालिकाको प्रारम्भिक वातावरणीय प्रतिवेदन, अनुसारको उत्खनन गर्ने घाटको विवरण | उत्खनन गर्न सकिने परिमाण (घन फिट) | न्युनतम अंक (मु.अ.क. तथा अन्य कर वाहेक) | बोलपत्र फारम दस्तुर रु. | कै. |
|---|---|---|---|---|---|---|
| १०/LCM/०७६/०७७ | दानव नदी | लम्तिहवा घाट | १२६२५६३.७२ | ७५७५३८२।३४ | ३०००।० | पछि फिर्ता नहुने |

**शर्तहरू:**

१. ठेक्का अवधि २०७६ सालको सम्झौता मिति देखि २०७७ जेष्ठ मसान्त सम्म हुनेछ।

२. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र **लुम्बिनी सांस्कृतिक नगरपालिका** कार्यालय, लुम्बिनी, रूपन्देहीबाट बोलपत्र खरिद गर्न सकिनेछ। खरिद भएका बोलपत्रहरू २०७६/११/३० गतेका दिन अपरान्ह १२:०० बजे भित्र **लुम्बिनी सांस्कृतिक नगरपालिका** कार्यालयमा दर्ता गर्न सकिनेछ र दर्ता भएका बोलपत्रहरू सोही दिनको २:०० बजे खोलिनेछ।

३. वोलपत्रदाताले खामको बाहिर पट्टी ठेक्का नं., ठेक्काको विवरण र नाम प्रष्ट बुझिने गरी लेख्नु पर्नेछ। यस कार्यालयको वेभसाईटबाट समेत बोलपत्र फारम डाउनलोड गर्न सकिनेछ। यसरी वेभसाइटबाट डाउनलोड गरिएका बोलपत्र दाखिला गर्दा यस सूचना बमोजिम लाग्ने दस्तुर बुझाउनु पर्नेछ।

४. बोलपत्र खरिद कर्ताले बोलपत्र फारम खरिद गर्दा नेपाली नागरिकताको प्रतिलिपी, मु.अ.क. दर्ताको प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र, फर्म दर्ता र नविकरणको प्रमाणित प्रतिलिपी साथ तोकिएको दस्तुर तिरी खरिद गर्नु पर्नेछ।

५. ठेक्का लिन चाहने इच्छुक फर्मले कबोल अंकलाई आधार मानी धरौटी वापतको कबोल अंकको ५ प्रतिशत रकम धरौटी राख्नु पर्नेछ। धरौटीवापत यस **लुम्बिनी सांस्कृतिक नगरपालिका**को कार्यालयको नाममा रहेको कृषि विकास बैंक लि. लुम्बिनी शाखाको **ग-३, ०४१४९०११४५७३३०१३** धरौटी खातामा रकम जम्मा गरेको भौचर सक्कल प्रति वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंकबाट जारी गरिएको कम्तिमा १२० (एक सय बीस दिन) मान्य हुने विडवण्डको सक्कल प्रति पेश गरेको हुनु पर्नेछ।

६. बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुरवापतको रकम रु.३०००।०० (फिर्ता नहुने) **लुम्बिनी सांस्कृतिक नगरपालिका**को कार्यालयको नाममा रहेको कृषि विकास बैंक लि. लुम्बिनी शाखाको **ग-४-१, ०४१४९०११४५७६२०३१** मुल संचितकोष खातामा दाखिला गरेको भौचर वा कार्यालको राजश्व शाखामा दाखिला गरेको रसिद पेश गर्नु पर्नेछ।

७. बोलपत्र खरिद कर्ताले आफुले कबोल गरेको अंक र अक्षरमा प्रष्ट देखिने गरी लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। दर्ता भएको शिलबन्दी बोलपत्र फिर्ता तथा संशोधन हुने छैन।

८. बोलपत्र खरिद तथा दाखिला गर्ने दिन वा खोल्ने दिन सार्वजनिक बिदा परेमा भोलिपल्ट माथि उल्लेखित समयमा दाखिला गर्नु पर्नेछ साथै त्यसै बमोजिम खोल्ने कार्यक्रम पनि हुनेछ।

९. सूचना प्रकाशन भएको ८ औं दिनमा पुर्व बोलपत्र बैठक (Pre- Bid Meeting) बस्नेछ।

१०. रितपूर्वक दाखिला भएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना रद्द गर्ने वा सूचना संशोधन आदि लगायतका सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार हुने छैन।

११. यस सुचनामा अन्य खुलाउन छुटेका कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**

## कृष्णनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### कृष्णनगर, कपिलवस्तु
### (५ न. प्रदेश,नेपाल)

**शैक्षिक सामग्री खरिद सम्बन्धि सूचना**

**मितिः २०७६/११/१५**

प्रस्तुत विषयमा नगरपालिकाको आर्थिक बर्ष २०७६/७७ को स्वीकृत कार्यक्रम (बिशेष अनुदान ) अनुसार नगरपालिका भित्र तपशिल अनुसारको कार्यक्रम संचालन गर्नको लागि यस नगरपालिकाको निर्णय बमोजिम तपशिलको विवरण अनुसार सप्लाईका लागि सार्बजनिक खरिद ऐन २०६३ को दफा ४० अनुसार सिलबन्दी दरभाउ पत्रबाट खरिद गर्नु पर्ने भएको हुँदा ईच्छुक फर्म वा कम्पनिबाट फर्म दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाण पत्र समेत प्रमाणहरू संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयमा दररेट पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। साथै दर रेट पेश गर्ने फारम यस कार्यालयबाट रु.१०००/- फिर्ता नहने गरि खरिद गर्न सकिनेछ।

**तपशिल**

| क्र.स. | आयोजनाको नाम | कापी संख्या | इकाई | इस्फेसिफिकेसन | अनुमानित रकम | कै. |
|---|---|---|---|---|---|---|
| १ | गरिव बालबालिकालाई शैक्षिक सामग्री वितरण (कापी) | ४०००० | पिस | कभर पेजमा दुवै साईड नगरपालिकाको नाम नक्सा, शिक्षा सम्बन्धि लोगो, राष्ट्रिय गान लगायत अन्य कुरा छपाई | १४,९१,६०० | |

**चन्द्रराम चौधरी**
**नि. प्रमुख प्रशासकिय अधिकृत**

## डिभिजन वन कार्यालय, गुल्मीको

**सिलवन्दी बोलपत्र आह्वान (Invitation for Bids) सम्बन्धि सूचना**

प्रथमपटक प्रकाशित मिति २०७६/११/१५

डिभिजन वन कार्यालय, तम्घास गुल्मीको चालु आ.व. २०७६/०७७ को पर्यटन विकास तथा प्रवर्धन कार्यक्रमतर्फको तपसिल बम ोजिमको कार्य सिलवन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट मू..अ.कर दर्ता ईजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुवाट तपसिलमा उल्लेखित मिति भित्र वोलपत्र खरिद गरि सिलवन्दी वोलपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ। विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न सकिने छ।

**तपसिल**

| ठेक्का नं. | ठेक्काको नाम | स्थान | बोलपत्र दस्तुर रु. | लागत रकम (मु.अ.कर र कन्टिनजेन्सी बाहेक) | विडबण्ड रकम रु. | विडबण्ड मान्य अवधि | खरिद अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| DFOG/W/ 01/076/077 | जीवराज आश्रित संग्रहालय निर्माण | चन्द्रकोट गा.पा. ६, हरेवा, गुल्मी | ३०००। | २१२३६६५।०३ | ७००००। | १२० दिन | २०७६।१२।१४ गते कार्यालय समय भित्र | २०७६।१२।१६ गते १२:०० बजे भित्र | २०७६।१२।१६ गते दिउसो १४:०० बजे |